Regd. No.: 179701/074/075

Pan No. 304324053

# हिम स्टार उर्जा कम्पनी लि.
# Him Star Urja Company Ltd.

Kathmandu Municipality Ward No. ...........................
Phone: +977-9851105711, E-mail: urjahimstar@gmail.com

Ref.: ११०/२०८२/०८३

मितिः २०८२/९/७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं
नेपाल ।

**विषय : सातौं वार्षिक साधारण सभाको सूचना तथा शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) हुने जानकारी सम्बन्धमा ।**

यस कंम्पनीको मिति २०८२/९/७ (डिसेम्बर २२, २०२६) गते अपरान्ह ५:३० बजे देखि साँझ ६:३० बजे सम्म बसेको संचालक समितिको २५५ औं बैठकको निर्णयानुसार यस कम्पनीको सातौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सोही ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**<u>सभा हुने मिति, स्थान र समय :</u>**

| | |
|---|---|
| **सभा हुने मिति** | : २०८२/९/२९ (जनवरि १३, २०२६), मंगलबार । |
| **सभा हुने स्थान** | : ड्रिम हाउस ब्याङ्क्वेट, गोकर्णेश्वर नगरपालीका वडा नं. ५, नयाँबस्ती, काठमाण्डौ । |
| **सभा शुरु हुने समय** | : बिहान १०:३० बजे |

**छलफलका विषय सूचिहरु:**

**क) सामान्य प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वासलात तथा नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र तत्सम्वन्धि अनुसूचीहरु माथी छलफल गरी पारित गर्ने ।

३. संचालक समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

Regd. No.: 179701/074/075 Pan No. 304324053

हिम स्टार उर्जा कम्पनी लि.
Him Star Urja Company Ltd.

Kathmandu Municipality Ward No. ..........................
Phone: +977-9851105711, E-mail: urjahimstar@gmail.com

Ref.: ११०/२०८२/०८३

४. संचालक समितिमा संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना बाँकि कार्यकालको लागि तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ (एक) जना गरि ४ (चार) जना संचालकको निर्वाचान गर्ने र १ (एक) जना विशेषज्ञ संचालक नियुक्त गर्ने ।

**ख) विविधः अध्यक्षज्यूको अनुमति अनुसार ।**

**<u>शेयर दाखिल खारेज बन्द सम्बन्धी</u> :**

- सातौं वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजी मिति २०८२/९/१८ गते देखि मिति २०८२/९/२९ गतेसम्म बन्द रहनेछ। शेयर दाखिला खारेजी बन्द गरिएको मिति भन्दा अगावै अर्थात २०८२/९/१७ गते सम्म नेपाल स्टक एक्स्चेन्ज लि. मा कारोवार भई यस कम्पनीको शेयर रजिष्ट्रार एनआईसि एशिया क्यापिटलमा प्राप्त विवरणको आधारमा कायम भएको शेयर लगत अभिलेखको आधारमा साधारण सभामा भाग लिन सकिनेछ ।
- सातौं वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द सम्बन्धि सूचना मिति २०८२/९/८ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ र सो को नमूना यसै साथ संलग्न गरिएको छ ।

गोमा पाण्डे
कम्पनी सचिव

**बोधार्थः**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
४. श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौं ।
५. श्री एनआईसी एशिया क्यापिटल लिमिटेड, थापाथली, काठमाडौं ।

# हिम स्टार उर्जा कम्पनी लिमिटेड
# Him Star Urja Company Limited

रजिष्ट्रार कार्यालय : का.म.न.पा. वडा नं. ०७ गौरीघाट, काठमाण्डौ, फोन: ०१-४५०३७३३
इमेल: urjahimstar@gmail.com वेवसाइट: www.urjahimstar.com.np

को

## सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

यस कम्पनीको मिति २०८२ साल पौष ७ गते (डिसेम्बर २२, २०२५) गते सोमबार अपरान्ह ५:३० बजे बसेको संचालक समितिको २५५औं बैठकको निर्णयानुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान:**

**सभा हुने मिति** : २०८२/०९/२९, (जनवरी १३, २०२६) मंगलबार।
**सभा हुने स्थान** : ड्रिम हाउस ब्याङ्क्वेट, गोकर्णेश्वर नगरपालिका वडा नं. ५, नयाबस्ती, काठमाण्डौ।
**सभा शुरु हुने समय** : बिहान १०:३० बजे।

**छलफलका विषय सुचिहरु :**

**क) सामान्य प्रस्तावहरु:**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु माथी छलफल गरि पारित गर्ने।
३. संचालक समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने।
४. संचालक समितिमा संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना बाँकि कार्यकालको लागि तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ (एक) जना गरि ४ (चार) जना संचालकको निर्वाचन गर्ने र १ (एक) जना विशेषज्ञ संचालक नियुक्त गर्ने।

**ख) विविध:** अध्यक्षज्यूको अनुमति अनुसार।

सञ्चालक समितिको आज्ञाले,
**शोभा पाण्डे**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु:**

१) साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज मिति २०८२/०९/१८ गतेदेखि मिति २०८२/०९/२९ गतेसम्म काम बन्द रहनेछ। शेयर दाखिला खारेजी बन्द गरिएको मिति भन्दा अगावै अर्थात मिति २०८२/०९/१७ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सो को ७ कार्य दिन भित्र दाखिला खारेजीको लागि यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सि एशिया क्यापिटल लिमिटेड, थापाथलीमा प्राप्त विवरणका आधारमा कायम भएको शेयर लगत अभिलेख नै साधारण सभाको लागि कायम हुनेछ।
२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलेप्रवेश पत्रका साथै सक्कल शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आधिकारीक परिचयपत्र साथमा लिई आउन अनुरोध छ।
३) सभाहुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:३० बजे देखि सभा संचालन हुन्जेल सम्मको लागि खुल्ला रहनेछ।
४) शेयरधनी महानुभावहरुले कम्पनीको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन, प्रोक्सी फाराम, प्रवेश पत्र कम्पनीको प्रधान कार्यालय का.म.पा.-७, गौरीघाट, काठमाडौंबाट तथा एन आई सि एशिया क्यापिटल लिमिटेड, थापाथलीबाट प्राप्त गर्न सक्नु हुनेछ। साथै, कम्पनीको वेवसाइट www.urjahimstar.com.np मा समेत राखिएको छ।
५) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी कम्पनीको प्रधान कार्यालयमा सभा सुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुन अनिवार्य छ।
६) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ। त्यसपछि आउने प्रोक्सी स्वत: बदर वा अमान्य हुनेछ।
७) नावालक वा अशक्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।
८) शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामूहिक रुपले उत्तर दिइनेछ।
९) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ।
१०) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।
११) संयुक्त रुपमा शेयर खरिद गरिएका अवस्थामा लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्।
१२) छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन।
१३) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका तर्फबाट सामूहिक रुपले उत्तर दिइनेछ।
१४) अन्य जानकारीको लागि कम्पनीको प्रधान कार्यालय का.म.पा.-७, गौरीघाट, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ।

Himstar Urja Co. Ltd.